Ref: N-52/015-17

प्रेस बक्तब्य

**गैरआवासीय नेपाली संघद्वारा १ करोड २५ लाख रुपैयाँको जीवनरक्षक औषधि हस्तान्तरण**

काठमाण्डौ । नाकाबन्दीका कारण नेपालका अस्पतालमा अत्याबश्यक औषधिको अभाव भएपछि गैरआवासीय नेपाली संघले सरकारलाई करिव १ करोड २५ लाख रुपैयाँ बराबरका जीवनरक्षक औषधि सहयोग गरेको छ ।

स्वास्थ्य सेवा बिभाग टेकुमा शुक्रबार आयोजित बिशेष कार्यक्रममा संघका अध्यक्ष शेष घलेले स्वास्थ्य तथा जनसंख्या मन्त्री रामजनम चौधरीलाई औषधि हस्तान्तरण गर्नुभयो ।

संघले पहिलो चरणमा गत मंसिर ८ गते ३८ लाख मूल्य बराबरको औषधि हस्तान्तरण गरेको थियो । त्यसैगरी जनकपुर, बीरगञ्ज र बुटबलका क्षेत्रीय अस्पतालहरुलाई २५ लाख ७४ हजार रुपैयाँको औषधि हस्तान्तरण गरिएको छ । मन्त्रालयसँगको सहमति र नेपाली सेनाको सहयोगमा संघले तीनवटै अस्पताललाई सम्बन्धित स्थानमै पुगेर औषधि हस्तान्तरण गरेको हो ।

यसैगरी आज संघले ५० लाख १८ हजार रुपैयाँ बराबरको औषधि सरकारलाई हस्तान्तरण गरेको छ । संघले खरिद गरेको करिव १२ लाख रुपैयाँ बराबरको औषधि बंगलादेशबाट आगामी साता काठमाण्डौ आइपुग्नेछ । यी औषधि संघले सिधै स्वास्थ्य मन्त्रालयलाई हस्तान्तरण गर्ने छ । यी सवै चरणमा गरी संघले सरकारलाई कुल १ करोड २५ लाख रुपैयाँको औषधि हस्तान्तरतण गरेको छ ।

हाल आएर बिभिन्न दाता हरुबात औषधी आउने खबर प्राप्त भएको र नेपाल सरकारलाई एन र न ए बाट बर्तमान आपत्कालीन आउसधिको आवस्थाको समिश्या गरी के कती आबस्यक छ भन्ने पत्र पठाएका छो|

अहिले हामीले दिएको औषधि काठमाण्डौ तथा काठमाण्डौ बाहिरका क्षेत्रीय अस्पतालहरुलाई करिव ६ हप्ताका लागि पुग्ने अनुमान गरिएको छ । सरकार र सम्बन्धित अस्पतालहरुले दिएको सूचीअनुसार बिशेषज्ञ चिकित्सकसमेतको सहभागीतामा यी औषधि खरिद गरी सरकारलाई दिइएको हो ।

'नेपालीका लागि नेपाली' भन्ने हाम्रो मूल मन्त्रलाई आत्मसाथ गर्दै मातृभूमीलाई परेको बिपतको बेला साथ दिने हाम्रो कोसिस हो ।' संघका अध्यक्ष शेष घलेले भन्नुभयो-'यस्तो बिपतमा हामी हिजो पनि चुप लागेर बसेनौं, आज पनि बसेनौं र भोलीका दिनमा आइपर्ने कुनै पनि अप्ठेरो परिस्थीतिमा संसारभरका गैरआवासीय नेपालीहरु नेपाली दाजुभाई दिदीबहिनीको साथमा रहनेछन् ।'

पहिलो चरणमा करिव तीन करोडको औषधि दिने योजना रहेको भए पनि अस्पताल र सरकारसँगको छलफलपछि अन्य दातृ निकायलेसमेत अत्याबश्यक औषधिहरु सहयोग गरिरहेको हुँदा आबश्यक परेको खण्डमा फेरि सहयोग गर्ने गरि अहिलेका लागि एक करोड २५ लाख रुपैयाँको औषधि सहयोग गरेको हो ।

गैरआवासीय नेपाली संघको पछिल्लो वैठकले नाकाबन्दीलाई अन्तराष्ट्रियकरण गर्दै नेपालमा उत्पन्न मानवीय संकट समाधानका लागि औषधि र अत्याबश्यक सामाग्री सहयोग गर्ने निर्णय गरेको थियो ।

सोहीअनुसार बिभिन्न देशमा गैरआवासीय नेपाली संघको अगुवाईमा बिरोध प्रर्दशन कार्यक्रमहरु भइरहेका छन् भने 'नेपाल होप्स' शिर्षकमा 'हामीलाई जस्तो तिमिलाई नपरोस्' भन्ने सन्देशसहित नेपालको मानवीय संकटलाई झल्काउने गरी अभियान समेत थालिएको छ ।

मानवीय संकट समाधान र यसलाई अन्तराष्ट्रियकरण गर्ने अभियानमा सहभागी हुने सवै सहयोगी हातहरुलाई गैरआवासीय नेपाली संघ हार्दिक आभार प्रकट गर्दछ ।

रञ्जु थापा वाग्ले
प्रवक्ता
गैरआवासीय नेपाली संघ,अन्तराष्ट्रिय समन्वय परिषद्
मितिः २०७२ मंसिर १८ गते